मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १३९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ १८ गते आइतबार ❑ 1 Jun 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## पोखराको फेवाताल संरक्षणको लागि पोल गाड्न सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ



पोखराको फेवाताल संरक्षणको अभियान अर्न्तगत शनिबारदेखि पोल गाड्न सुरु भएको छ । तीन वटा तहका सरकारका प्रमुख एवं प्रतिनिधिहरुको संयुक्त प्रयासमा शनिबार देखि फेवाताल किनारामा तालको सिमाकनको लागि पोल गार्ड सुरु भएको पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले बताउनु भयो ।

फेवाताल संरक्षणका लागि सर्वोच्च अदालतको फैसला कार्यान्वयन सहजीकरण समितिका संयोजक एवं गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य र संघिय सरकारका प्रतिनिधि जिल्ला प्रशासन कार्यालय कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे लगायतले फेवातालको किनाराबाट पोल गाड्न सुरु गर्नु भएको हो । पोखराको फेवातालको सीमाङ्कन डिजिटल रूपमा सकेर शनिबारबाट भौतिक रुपमा पोल गाड्न सुरु भएको मेयर आचार्यले बताउनु भयो । तालमा वर्षाका बेलाको उच्च सतह बाट ६५ मिटरसम्म मापदण्ड कायम गर्ने गरी सर्वोच्चको आदेश अनुसार नै सीमाङ्कन गर्न लागिएको उहाँले जनाउनु भयो । यसैबिच, पोखराको फेवातालको सिमाङ्कन गर्न लागेको बिरोधमा जग्गा धनि केही स्थानियहरुले बिरोध गर्न थालेका छन् । पटक पटक फेवातालको सिमाङ्कन गर्ने नाममा पाल गाड्दै हिड्ने ताल संरक्षणको काम भने नगरेको स्थानियको गुनासो थियो । पोखराका मेयर, प्रदेशका मुख्यमन्त्री बिरुद्ध समेत स्थानियले नारा जुलुस गरेको स्थानिय जग्गाधनि नविन बरालले बताउनु भयो । फेवाताल जोगाउन र यसको गरिमा बढाउन सुरु गरिएको संरक्षण अभियानबाट दीर्घकालीन लाभ यहाँका स्थानीयले पाउने हुँदा उक्त अभियानलाई सबैले सहयोग गर्न मुख्यमन्त्री पाण्डेले आग्रह गर्नुभयो । तालको सीमामा एक हजार ५५ पोल गाडिने उहाँले बताउनु भयो । फैसलाको पूर्ण पाठ आएको दुई महिना पछि मङ्सिर १३ गते मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको संयोजकत्वमा समिति बनेको थियो । समितिमा पोखरा महानगरका प्रमुख धनराज आचार्य, जिल्लामा रहेका सुरक्षा निकायका प्रमुख सहित कास्कीका प्रमुख जिल्ला अधिकारी लगायत सदस्य हुनुहुन्छ । फेवातालको सिमाङ्कन गरी प्रतिवेदन पेस गर्न गठित प्राविधिक उपसमितिले फेवातालको सिमाना यकिन गर्न डिजिपिएस प्रविधि र ड्रोन सर्वे मार्फत डिटेल सर्वेक्षण गरेको हो । पछिल्लो रिपोर्ट अनुसार २९ वटा मुख्य आधार विन्दुहरू कायम गरी ४० से.मि उचाइका २९ पिल्लरहरु जमिनमुनि गाडिएका छन् । यसको आधारमा ९ हजार नियन्त्रण बिन्दुहरू कायम गरिएका छन् । सिँचाइ डिभिजन कार्यालय कास्कीको विगत १० वर्षको रेकर्ड तथा विभिन्न समयमा बनेका फेवातालका नक्साहरूको अध्ययन पश्चात् फेवातालको हाई फ्लोड लेबल ७९४.९५ मिटर कायम गरिएको छ । उक्त विन्दुलाई आधार मान्दा तालको ताल घर ६.३४३ वर्ग कि.मी अर्थात् १२ हजार ४६८ रोपनी ३ पैसा ३ दाम कायम हुन आउँछ । सर्वोच्च अदालतले तोकेको ६५ मिटर समेतको क्षेत्रफल ७.६१६ वर्ग किमी (१४ हजार ९७० रोपनी) हुन आएको मेयर आचार्यले जनाउनु भयो । पानीको उच्च विन्दुलाई नै आधार मानेर ६५ मिटर कायम गरिने भएको छ । त्यसका लागि ताल घरमा १ हजार ५५ डिजिटल पोलहरू गाडिइसकेको छ । पोखरा महानगरका प्रमुख धनराज आचार्यले २०८१ चैतभित्र सीमाङ्कन सक्न सर्वोच्चको आदेश भए पनि तालको उच्चतम बिन्दु पत्ता लगाउन र नापजाँच गर्न समय लागेको बताउनु भयो । सीमाङ्कन सकेर दुषित र मुआब्जा दिने जग्गा छुट्याइने आफुहरुले तयारी गर्ने उहाँले जनाउनु भयो ।

यो समितिले सीमाङ्कनका लागि बनाएको उपसमितिले ड्रोन र डिजीबसको प्रयोग गरी डिजिटल्ली सीमाङ्कन गरेको हो। फेवातालको मापदण्ड कायम गर्न र सबै खालका अतिक्रमण हटाउन सर्वोच्चले गएको २०८१ असारमा परमादेश दिएको थियो। आदेशमा सबै खाले व्यक्तिगत, सरकारी वा सार्वजनिक भौतिक संरचना आदेश प्राप्त भएको मितिले छ महिनाभित्र हटाउन भनिएको थियो। तालको मापदण्ड ६५ मिटरको मध्यवर्ती क्षेत्रलाई पूर्णरूपले हरियाली क्षेत्र घोषित गर्न निर्देशन दिएको छ । २०१८ को नेपाल भारत सहयोग मिसनको रिपोर्टमा तालको क्षेत्रफल १०.३५ वर्ग किमी रहेकोमा २०७७ चैत १७ को राजपत्रअनुसार खुम्चिएर ५.७२६ वर्गकिमीमात्र समित भएको थियो । मापदण्ड कायम गर्दा एक हजार छ सय भन्दा बढी संरचना क्षतिपूर्ति नदिई हटाउनुपर्ने हुन्छ । २०१८ मा बाँध निर्माणपछि तालको ६५ मिटरभन्दा बाहिरको जग्गालाई मात्र मुआब्जा दिनुपर्ने सर्वोच्चको फैसलामा उल्लेख छ । यसअघि पुण्य पौडेलकै संयोकत्वमा ४.२५ वर्ग किलोमिटरलाई आधार बनाइ भौतिक रूपमै पिल्लर गाड्ने काम भएको थियो यद्यपी अहिले पनि ती पोल तालभित्र रहेका छन् । अहिले फेरि ६५ मिटर कायम हुने विन्दुसम्म आइपुग्दा क्षेत्रफल ६.३४३ पुऱ्याउँदै फेरि पिल्लर गाड्न लागिएको हो । विश्वप्रकाश लामिछाने प्रतिवेदनको आधारमा २०६८ असार २३ गते खगेन्द्र सुवेदी लगायतले सर्वोच्च अदालतमा रिट दायर गर्नु भएको थियो । त्यसकै आधारमा सर्वोच्चले १६ वैशाख २०७५ मा फेवाताल सम्बन्धी ३ वटै सरकारलाई निर्देशनात्मक फैसला गरेको थियो । सर्वोच्च अदालतले गत ४ असार २०८० मा फेवातालको मापदण्ड ६५ मिटर नै कायम गर्नू भनेर गरेको आदेशको गत असोज ९ गते पूर्णपाठ आएको थियो । पूर्णपाठमा ६५ मिटर भित्रका संरचना ६ महिना भित्र मापदण्ड कायम गर्न भनिएको थियो । यसअघि पनि सर्वोच्चको आदेश समयमै कार्यान्वयन नगर्दा गण्डकी संघ, प्रदेश सरकार र पोखरा महानगरपालिकाले अपहेलना मुद्दा खेपेका थिए ।

## न्यायिक निरुपणमा मेलमिलापकर्ताको भूमिका महत्वपूर्णः प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ




गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले स्थानीय स्तरमा न्यायिक निरूपणमा मेलमिलापकर्ताको भूमिका महत्वपूर्ण रहेको बताउनुभएको छ ।

पोखरा महानगरपालिका, न्यायिक समितिको आयोजना तथा सामुदायिक मेलमिलापकर्ता समाज नेपालको समन्वयमा सञ्चालित 'मेलमिलाप सम्बन्धी तालिम समापन समारोहमा प्रमुख अतिथि भट्टले सामुदायिक मेलमिलाप सम्बन्धी असल अभ्यासका पक्षलाई राम्रोसँग ग्रहण गर्न सक्नुपर्नेमा पनि जोड दिनुभयो। 'स्थानीयस्तरमाहुनेगरेका विवादको न्यायिक निरूपण गर्न र मेलमिलाप मध्यस्थताको लागि मेलमिलापकर्तालाई यो तालिम महत्वपूर्ण र आवश्यक पनि हो ।' उहाँले भन्नुभयो - 'सूचीकृत मेलमिलापकर्ताले न्यायिक प्रक्रियामा सहभागी भई गरेको योगदानको म प्रशंसा गर्दछु ।' बैकल्पिक उपायहरु वार्ता, मेलमिलाप र मध्यस्थताबाट विवाद समाधान गर्ने अभ्यास बढी प्रचलनमा आएको अवस्थामा स्थानीय न्यायिक समितिको व्यवस्था यसैको उपज रहेको भन्दै भट्टले नेपालको संविधानले स्थानीय सरकारले न्यायिक अधिकार अभ्यास गर्न पाउने परिकल्पना गरेबमोजिम न्यायिक समिति सक्रिय रहेको बताउनुभयो ।

संविधान र कानुनप्रतिको विश्वास, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायिक सुशासनको मूल्य मान्यता अंगीकार गरी कानुनको परिपालना गर्दै निष्पक्ष न्याय सम्पादन गरी नागरिकलाई न्याय सुनिश्चित गर्नु यो समितिको मूल कर्तव्य रहेको उहाँको भनाई छ । 'मेलमिलाप विवाद समाधानको वैकल्पिक विभिन्न उपायमध्ये सर्वोत्तम उपाय हो ।

जीत-जीत तथा लाभ-लाभको अनुभूति गर्दै कम खर्चमा तत्काल न्याय प्राप्त हुने प्रक्रिया नै मेलमिलाप हो ।' उहाँले भन्नुभयो - 'आफैले रोजेको मेलमिलापकर्ताको सहयोगमा दुवै पक्ष सहभागी भई छलफल गरी चित्त बुझ्ने गरी विवादको टुङ्गो लगाउने माध्यम नै मेलमिलाप हो । मेलमिलापकर्ताले विवादका विषयमा सहमति कायम गर्नका लागि उत्प्रेरित गर्दछन् ।' स्थानीय न्यायिक समितिमा जननिर्वाचितमध्येबाट पदमा बहाल रहने हुँदा न्यायिक निरुपणमा निष्पक्षता र तटस्थ बन्नुपर्ने अनिवार्यता रहेको उहाँको भनाई छ । 'परस्पर विरोधी सवालमा सन्तुलित कार्य सम्पादन गर्न समितिसमक्ष यो ठूलो चुनौती हो । दक्षताको सीमितता, सीमित श्रोत साधन, न्यायिक समिति प्रमुख उपाध्यक्ष एवं उपप्रमुख हुने हुँदा बहुल जिम्मेवारीका कारण कार्यसम्पादनमा कठिनाई भएको पाएको छु ।' पोखरा महानगरपालिकाले घरेलु हिंसामा परेका महिलाहरुको लागि उपप्रमुखको प्रत्यक्ष निगरानीमा महिला कानुनी परामर्श तथा सहायता कक्ष सञ्चालन गरेकोमा उहाँले खुशी व्यक्त गर्नुभयो । यसले महिला कानुनी परामर्श, निवेदनको मस्यौदा लेखन सहयोग र अन्य आवश्यक सहयोग मिल्दा नागरिकलाई सहजता प्रदान गर्ने उहाँको भनाई छ ।

## अन्नपूर्ण हिमाल आरोहण हिरक महोत्सव अन्तर्गतका कार्यक्रम सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ

अन्नपूर्ण प्रथम हिमाल आरोहणको ७५ वर्ष पूरा भएको अवसरमा मनाउन लागिएको हिरक महोत्सवअन्तर्गतका कार्यक्रम शनिबारदेखि सुरु हुने भएका छन् ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश, ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान) गण्डकी, अन्नपूर्ण गाउँपालिका म्याग्दीको व्यवस्थापनमा यस वर्ष अन्नपूर्ण (नर्थ) को आधार शिविरमा विशेष कार्यक्रमका साथ हिरक महोत्सव मनाउन लागिएको हो ।

बोर्डका गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले कार्यक्रमअन्तर्गत शनिबारदेखि जेठ १९ सम्म गरिने पदयात्रामा फ्रान्स र नेपालका विशिष्ट व्यक्तिहरूको सहभागिता हुने जानकारी दिनुभयो । फ्रान्सेलीसहित ५५ सदस्यीय टोली आजदेखि पदयात्रामा सहभागी हुने उहाँले बताउनुभयो । अन्नपूर्ण प्रथमका पहिलो आरोही मौरिस हार्जोगका छोरा माथियास इमानुएल म्याक्सिमिलियन हार्जोग र उहाँको परिवारका सदस्यसहितको १४ सदस्यीय टोली शुक्रबार नै पोखरा आइसकेको छ । उहाँहरूलाई शुक्रबार पोखरामा भव्य स्वागतसहित यहाँका पर्यटकीय स्थल अवलोकन गराइएको टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले जानकारी दिनुभयो । फ्रान्सेली टोलीले सांस्कृतिक प्रस्तुतिसमेत देखाएको उहाँलेबताउनुभयो।कार्यक्रमअन्तर्गतआधार शिविरबाट ३० किलोमिटर दूरीको म्याराथन दौडसमेत आयोजना गरिएको छ। जेठ १९ गते आधार शिविरमा प्रथम आरोही मौरिस हर्जोग, लुइस लचेनल र नेपाली आरोही सोनाम वाङ्चुक शेर्पाको सालिक अनावरण गरिने छ। यस्तै, आधार शिविरमा निर्माण भएको खुला सङ्ग्रहालय र नारच्याङबाट आधार शिविर जोड्ने पदमार्गलाई 'मौरिस हर्जोग पदमार्ग' नामकरण गरिएको छ।

उक्त पदमार्ग र सालिकको प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्ने कार्यक्रम रहेको जनाइएको छ। सन् १९५० जुन ३ मा फ्रान्सेली पर्वतारोही मौरिस हर्जोग नेतृत्वले अन्नपूर्ण प्रथम हिमाल (८०९१ मी) को सफल आरोहण गरेको थियो। हर्जोगसगै लुइस लचेनल र दुई नेपाली शेर्पा उक्त आरोहणमा सहभागी थिए । नेपालमा आठ हजार मिटरभन्दा अग्लो हिमालमा पहिलो मानव पाइला परेका कारण अन्नपूर्णलाई जेठो हिमालसमेत भन्ने गरिएको छ । त्यसपछि मात्रै विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गरिएको थियो ।

पहिलोपटक आरोहण भएको हिमालको आधार शिविरमा नै पुगेर गरिने कार्यक्रमले नेपालको पर्वतीय पर्यटन प्रवर्द्धनमा थप टेवा पुग्ने विश्वास गरिएको पर्यटन बोर्ड गण्डकीका प्रमुख लामिछानेले बताउनुभयो ।

जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रहरू प्रभावित बन्दै गएका अवस्थामा मनाउन लागिएको हिरक महोत्सवले विशेष महत्व राख्ने पर्यटन क्षेत्रका जानकारहरू बताउँछन् । विश्वमा नै आरोहणको जेठो हिमालका रूपमा चासो र चर्चा कमाएको अन्नपूर्ण आधार शिविरमा हुने यस कार्यक्रमले हिमाली पर्यटनलाई विश्वव्यापी बनाउन थप योगदान पुग्ने पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले बताउनुभयो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# दोश्रो राष्ट्रिय डुंगा दौड प्रतियोगिताको तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ

नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेशको आयोजना तथा फेवा डुंगा व्यवसायीसंगठनकोव्यवस्थापनमा पोखराको फेवातालमा आइतबार हुने दोश्रो राष्ट्रिय खुल्ला डुंगा दौड प्रतियोगिताको तयारी पुरा भएको छ।




गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले भोलि बिहान बाराही घाटमा उक्त प्रतियोगिताको उद्घाटन गर्नुहुने बताइएको छ। उद्घाटन समारोहमा गण्डकी प्रदेशका सामाजिक तथा खेलकुद मन्त्री बिन्दुकुमार थापा, पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य तथा प्रदेश सांसदहरुको विशेष आतिथ्यतामा कार्यक्रम सम्पन्न हुने व्यवस्थापन समितिका अध्यक्ष बलराम गिरीले जानकारी दिनुभयो।

अध्यक्ष गिरीका अनुसार प्रतियोगितामा पुरुषतर्फ २० तथा महिलातर्फ १२ टिमले नाम दर्ता गराइसकेका छन्। प्रतियोगिताको पुर्वार्द्धमा बाराही घाटमा स्वागत गेट तथा विभिन्न स्थानमा पोल व्यानर टाँगिएको छ। महिलातर्फ बाराहीघाट देखि पारी लिच्चि गार्डेनसम्म जाने आउने जाने सहित झण्डै २ किलोमिटर तथा पुरुषतर्फ बाराहीघाट देखि पारी लेक हाउससम्म जाने आउने गरि झण्डै ३ किलोमिटरको दुरीमा प्रतिस्पर्धा गराइने छ।

फेवातालका बारेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा प्रचार प्रसार गर्ने, फेवातालमा हुन सक्ने भवितब्य घटनाबारे सचेतनामुलक जानकारी दिने, फेवातालको महत्व बुझाउन तथा पोखरामा पर्यटक भित्र्याउँदै पोखराको पर्यटन प्रवर्द्धन गर्ने उद्येश्यका साथ यो प्रतियोगिता आयोजना गर्न लागिएको आयोजक संस्थाका गण्डकी प्रमुख मणीराज लामिछानेले जनाउनुभएको छ।

प्रतियोगितामा महिला र पुरुष दुवैतर्फ प्रथम हुने टिमले नगद ४० हजार, द्बितियले नगद ३० हजार, तृतियले नगद २० हजार तथा सान्त्वना स्थान हाँसिल गर्ने टिमले नगद १० हजार सहित ट्रफि, मेडल, प्रमाण-पत्र पुरस्कार प्राप्त गर्नेछन्।

# पाचौँ माउन्ट अन्नपूर्ण एसइई बास्केटबलको उपाधि बेनपाको पोल्टाम

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ

पोखराको नदिपुर ३ भिसि मार्गमा रहेको माउन्ट अन्नपूर्ण माध्यमिक बिद्यालयमा भएको पाचौँ माउन्ट अन्नपूर्ण एसइई बास्केटबल प्रतियोगिताको उपाधि बेनपाले जितेको छ।




शनिवार भएको फाइनल खेलमा गलेश्वर लाई हराउदै बेनपाले छात्र तर्फको उपाधि जितेको खेल संयोजक अशोक कुमार शाहीले बताए। उपाधि सगैं बेनपाले नगद २० हजार सहित क्रमस मेडल, टफ्रि र प्रमाणपत्र प्राप्त गरेको छ। यस्तै दोस्रो भएको गलेश्वरले १० हजार सहित क्रमस मेडल, टफ्रि र प्रमाणपत्र प्राप्त गरेको हो।

यस्तै छात्रा तर्फको उपाधि माउन्ट अन्नपूर्ण माबि (मास)ले मर्दिखोलालाई हराएर उपाधि जित्न सफल भएको छ। उपाधि सगैं मासले नगद १५ हजार सहित क्रमस मेडल, टफ्रि र प्रमाणपत्र प्राप्त गर्दा मर्दिखोलाले नगद ८ हजार सहित क्रमस मेडल, टफ्रि र प्रमाणपत्र प्राप्त गरेको हो। यस्तै प्रतियोगितामा मष्ट भ्यालुएबल छात्रको तर्फ एलोन शेरपुर्जा हुदा छात्रा तर्फ सोयक्षा पुन बन्न सफल भइन भने हाइस्कोरर छात्र तर्फ इन्द्र पुन भए भने छात्रा तर्फ आयुमी बाटाजुले जित्न सफल भइन्। मष्ट भ्यालुएबल छात्र,छात्राले दुई,दुई हजार प्राप्त गर्दा हाइस्कोरर छात्र,छात्राले एक,एक हजार रुपैंया प्राप्त गरे। समापन कार्यक्रमको अवसरमा बौल्दै पोखरा महानगरपालिका ३ का वडा अध्क्षय प्रकासमान उदासले शैक्षिक क्षेत्रमा बिद्यालयले गरेका काम उदाहरणिय भएको बताउदै वडाको तर्फबाट आगामि दिनहरुमा सहकार्य गरेर अगाडि बढन् तयार रहेको बताए। बिद्यालयका अध्क्षय सुरज प्रधानाङले विभिन्न खेलकुद प्रतियोगिताहरू आयोजना गरि बिद्यालयले खेलाडि उत्पादनमा महत्वपूर्ण भमिका खेलेको बताए। प्रिन्सिपल सइन्द्रराज श्रेष्ठले बिद्यालयले शिक्षाको क्षेत्रमा गरेका कामको चर्चा गर्दै शैक्षिक क्रियाकलाप सगैं खेलकुदको क्षेत्रमा बिद्यालय सधै अगाडि रहेको बताए। बिद्यालयका अतिरिक्त कार्यक्रम निर्देशक तेज बहादुर गुरुङले बिद्यालय गण्डकी प्रदेशकै पहिलो निजि स्तरबाट सञ्चालित बिद्यालय भएको बताए। उनले एसइई दिएर बसेका बिद्यार्थीहरुको फुर्सदको समयलाई रचनात्मक कार्यमा सदुपयोग गर्ने उद्धेश्यले खेलकुदको कार्यक्रम आयोजना गरिएको बताउदै बिद्यालयले किताबि ज्ञान सगैं अतिरिक्त क्रियाकलापमा समेत जोड दिदै आइरहको जनाए। कार्यक्रममा पुर्व अध्यक्ष चिज काजी गुरुङ, निर्देशक चित्र गुरुङ,प्रोमोटर झम गुरुङ,समाजसेवी भूपालजङ कुवँर,नेपाल भुतपूर्व खेलाडि मञ्चका अध्क्षय दिल बहादुर गुरुङ लगाएत वडा ३ मा रहेका बिभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उल्लेख्य सहभागिता रहेको थियो। कुल २० टिमको सहभागिता रहेको प्रतियोगितामा गण्डकी प्रदेशका बिभिन्न जिल्लाका बिद्यार्थीहरुको सहभागिता रहेको थियो। यसै बिच बिद्यालयले यहि अबधिमा पहिलो पटक निशुल्क होटेल म्यानेजमेन्ट वर्कसपको पनि समापन गरेको छ। होटेल म्यानेजमेन्ट तर्फ हाउस किपिङ, कफि वारिष्टा, वार, किचेन प्राक्टिस र बेकरीको प्रत्यक्ष अभ्यास गराइएको वर्कसपमा १०० जना विद्यार्थीहरुको सहभागिता रहेको थियो।

# गण्डकी प्रदेश दीर्घकालिन पुन:स्थापना केन्द सञ्चालनमा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ

गण्डकी प्रदेश सरकारअन्तर्गत सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय मातहत गण्डकी प्रदेश दीर्घकालीन पुनःस्थापना केन्द्र स्थापना गरिएको छ। पोखरा महानगरपालिका-३३ पुष्पवस्तीमा निर्मित केन्द्रको शुक्रबार गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले शुभरम्भ गर्नुभयो। सो अवसरमा उहाँले प्रदेश सरकारले सामाजिक न्याय र मानविय मर्यादालाई उच्च प्राथमिकतामा राख्दै सेवा प्रवाहमा ध्यान केन्द्रित गरिरहेको बताउनुभयो। पुनस्थापना केन्द्र गण्डकी प्रदेशको सामाजिक रूपान्तरणको अभियानमा कोशेढुङ्गा सावित जनाउँदै उहाँले प्रदेश सरकारको ७० % र पोखरा महानगरको ३०% लगानीमा केन्द्र सञ्चालन हुने जानकारी गराउनुभयो। प्रदेश सरकारले ८४ वटै पालिकामा न्यायिक सहजकर्ता पठाइसकेको उल्लेख गर्दै उहाँले मनोसामाजिक परामर्शदाता पनि पालिकासँग सहकार्य गरेर पठाउने सुरुवात भएको बताउनुभयो। सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले गण्डकी प्रदेश दीर्घकालिन पुनर्स्थापना केन्द सञ्चालनमा गण्डकी सरकारबाट कुनै समस्या नरहने र बजेट व्यवस्थापन समेत त्यही अनुरूप हुने बताउनुभयो।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले आर्थिक स्रोतकै अभावका कारण योजना अलपत्र पर्नु नहुने बताउँदै प्रदेश सरकारले नेतृत्व गर्ने गरी, महानगर र प्रदेश सरकार मिलेर भौतिक पूर्वाधारदेखि मनोपरामर्शसम्मको सेवामा सहकार्य जानकारी गराउनुभयो। गण्डकी प्रदेशका प्रमुख सचिव शोभाकान्त पौडेल, कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, गण्डकी प्रदेशसभा सदस्य भीम कार्की, रेखा गुरुङ, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका सचिव नवराज ढकाल, पोखरा ३३ का वडाध्यक्ष रामचन्द्र अधिकारी, कोपिला नेपालकी विना सिलवाललगायतले केन्द्रको प्रभावकारी उपयोग हुनुपर्ने बताउनुभयो। केन्द्रको शुभारम्भसँगै घर-परिवार तथा समाजबाट समस्या भोगेका छोरी, मानसिक स्वास्थ्य समस्या भोगिरहेका व्यक्ति तथा दुर्व्यसनमा फसेकाको दीर्घकालीन पुनःस्थापनाको थालनी हुने विश्वास लिइएको छ।

# आमोर वाल गृहलाई राष्ट्रिय संगीतकर्मी संघ गण्डकीको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ




राष्ट्रिय संगीतकर्मी संघ गण्डकी प्रदेशको आयेजनामा संघका अध्यक्ष रामचन्द्र ढकाल सहकोषाध्यक्ष कृष्ण सिपीको जन्मदिनको अवसर पारेर शुक्रबार स्याङ्जाको फेदीखोला गाउँपालिका वडा नं. १ स्थित अमोर सेवा नेपाल बालगृहका बालबालिकालाई शैक्षिक सामग्री तथा नगद सहयोग गरेको छ।

कार्यक्रमका प्रमुख अतिथि संस्कृतिविद् प्रा.डा. कुसुमाकर न्यौपानेले वाल गृहका कलिला अनाथ वालवालिकालाई देखेर भावुक बनाएको वताउँदै बाबुनानीको भविष्य उज्जवल वनाउन आफ्नो तर्फबाट पनि सक्दो सहयोग गर्ने वताए।

संस्थाका अध्यक्ष रामचन्द्र ढकाल र सहकोषाध्यक्ष कृष्ण सिर्पालीले जन्मदिनको उपलक्ष्यमा फजुल खर्च कटौती गरि वाल गृहमा सहयोग गर्न पाउँदा साच्चै नै सहि ठाउँमा सहयोग गरेको आफुहरुलाई अनुभव भएको वताउँदै आगामि दिनहरुमा पनि सहयोग गर्ने वताए। बालगृहकी सञ्चालिका कमला पराजुलीले स्याङजा जिल्लाको एक मात्र वाल गृह भए पनि स्याङ्जा भन्दा अन्य जिल्लाका बाबुआमा नभएका अनाथ वालवालिकाहरुलाई वाल गृहले संरक्षण दिएको वताउँदै नेपाली दाजुभाई तथा संघसंस्थाहरुको मात्र सहयोगले वाल गृह संचालन भइरहेकोले एक पटक आफै वालगृहमा उपस्थित हुन पनि सबैलाई आग्रह गरेकी थिईन्।

राष्ट्रिय संगीतकर्मी संघ गण्डकी प्रदेशका समन्वय प्रमुख एवम् गुरुङ फिल्मका महानायक ताराबहादुर गुरुङ, बरिष्ठ उपाध्यक्ष एवम् कर्णप्रिय संगीतालय पोखराका सञ्चालक करण तामाङ, द्बितीय उपाध्यक्ष एवम् पत्रकार सागर कार्की, सहकोषाध्यक्ष कृष्ण सिरपाली, प्रेम रोकाहा क्षेत्री, दरबारन्युज डटकमका सञ्चालक कृष्ण रानाभाट, समाजसेवी एवम् सदस्य भोजराज पौडेल (राष्ट्रिय मामा), स्याङ्जा अध्यक्ष बुद्धि परियार र उपाध्यक्ष दुतप्रसाद नेपाली, बालगृहका ब्यवस्थापक अशोक शर्मा (मरासिनी) लगाएतको उपस्थिति रहेको थियो। वाल गृहका वालवालिकाहरुले मन्त्रोच्चरण द्धारा जन्मदिनको शुभकामना व्यक्त गर्दै गीत तथा भजन गाएर अतिथिहरुको स्वागत गरेका थिए।

# राजतन्त्रमा विकास र सुशासन नभएकाले जनताले लडेर गणतन्त्र ल्याए, अब पछाडि फर्कन सम्भव छैन : प्रधानमन्त्री

**रासस**
काठमाडौं, १७ जेठ

प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले निरङ्कुश राजतन्त्रमा विकास र सुशासनका हुन नसकेकाले जनताले लडेर ल्याएको लोकतान्त्रिक गणतन्त्र सुदृढ गर्नु सबै पेसाकर्मीको पनि उत्तरदायित्व भएको बताउनुभएको छ।

राष्ट्रिय स्वास्थ्यकर्मी महासङ्घ नेपालको पाँचौ राष्ट्रिय महाधिवेशनको आज उद्घाटन गर्दै उहाँले सबैले सँगै लडेर ल्याएको लोकतन्त्र र प्राप्त उपलब्धिलाई रक्षा गर्दै कसरी सुदृढ बनाउने भन्नेमा लाग्न आग्रह गर्नुभएको हो।

"निरङ्कुश हुकुमी शासनकालमा यस्ता संघ-संगठन खुल्ने स्थिति थिएनन्। अहिले तपाईंहरू पेसागत र व्यवसायिक जिम्मेवारीका साथ राष्ट्रिय उत्तरदायित्व बोकेर अगाडि बढ्नुभएको छ।", प्रधानमन्त्री ओलीले भन्नुभयो, "यही जेठ १५ गते हामीले गणतन्त्र दिवसको उत्सव मनायौँ। राजतन्त्र पक्षधरहरूले विरोध प्रदर्शन गरे। उनीहरूलाई जनमत संग्रह भएको लाग्यो रे। तर पहिलो दिन दान (पैसा) दिएर केही मान्छे ल्याइए। दोस्रो र तेस्रो दिन मान्छेहरू घट्दै गए। मेरो नातिले जिस्किएर म डाइनोसर भएँ भन्दै हा…गरेर डर लागेन ? भनेर खेलेको याद आयो। राष्ट्रिय प्रजातन्त्र पार्टीले मलाई राजतन्त्र फर्काउँछु भनेर डर देखाउन खोजेको हो भने म डराएँ, अब भयो, पुग्यो, चुप लागेर घरघरमा बसे हुन्छ। अब राजतन्त्र फर्काउने होइन, देशलाई सुशासन र विकासको बाटोमा अगाडि बढाउने हो। अगाडि हिँड्न खोजेको घोडालाई पछाडि फर्काउन नखोज। घोडाले लात्ताले हान्न सक्छ, होस् गर।"

प्रधानमन्त्रीलाई लखेट्छौँ भनेको शान्तिपूर्ण त होला ? भन्ने प्रश्न गर्दै प्रधानमन्त्री ओलीले अढाइ सय वर्ष राजतन्त्र हुँदा देशको अवस्था कहाँ थियो ? अहिले हामी कहाँ पुगेका छौँ भन्ने बुझ्न आग्रह गर्नुभयो। "दरबार हत्याकाण्डपछि कुशको बाहुनजस्तो नक्कली राजतन्त्र आयो। त्यसले झन् निरकुङ्शता लाद्यो। जनताको अधिकार खोज्यो। विकास गरेन। देश लुटेर, संविधानभन्दा माथि बसेर पैत्रिक सम्पत्ति थुपार्‍यो। अनि अहिले फेरि त्यही राजतन्त्र ल्याउनुपर्छ भन्दा लाज मान्नुपर्ने हो।", प्रधानमन्त्री ओलीको भनाइ थियो, "यस्ताहरूले आफूलाई सूर्यका सन्तान भनेर जनतालाई कस्तो बेवकुफ बनाउन खोजिँदैछ। यस्ता कुराहरूसँग हामी सचेत हुनुपर्छ। यो जनताको सामाजिक उत्तरदायित्व हो। आफूले लडेर ल्याएको व्यवस्थाको रक्षा गर्न उभिनुपर्छ। प्रणालीमा केही कुरा फेर्न परे हामी यसलाई अझ सुन्दर लोकतन्त्र बनाउने गरी फेर्छौं तर प्रतिगमन अब सम्भव छैन।" बिरामी भएमा उपचार गर्ने त छँदैछ, त्यो भन्दा पहिला विरामी हुन नदिन लाग्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्री ओलीले सस्तो र सजिलोसँग कसरी राम्रो उपचार दिन सकिन्छ भन्ने भावना बोक्न आग्रह गर्नुभयो। चिकित्सा विज्ञान यो तहमा नपुगेको भए र अस्पताल नभएको भए आफ्नो बिसौँ वार्षिक पुण्यतिथि सकिइसकेको हुन्थ्यो भन्दै प्रधानमन्त्री ओलीले चिकित्सा क्षेत्रको महत्व मान्छेको आयुसँग रहेकाले स्वास्थ्यकर्मीलाई सचेत नागरिक भएकाले राष्ट्रिय दायित्वमा पनि लाग्न जोड दिनुभयो। "भगवानमा विश्वास गर्नेहरूको म चित्त दुखाउन चाहान्न तर मैले डक्टर र नर्सहरूले कठिन स्थिपतमा पनि विरामी जादुमयीरूपमा मान्छेलाई बचाएको देखेको छु। त्यस कारण म त भन्छु, डक्टरर्स आर द ग्रेटर द्यान द गर्डस्।", प्रधानमन्त्री ओलीले भन्नुभयो, "आज स्वास्थ्य क्षेत्रले असाधारण विकास गरेको छ। हामीले प्रतिरोधभन्दा अगाडि निरोधात्मक सचेतनामा लाग्नुर्छ। यस महासंघले भूमिका खेल्न सकोस्।"


## फोहोर व्यवस्थापन गरौं र गराऔं।

- जथाभावी फोहोर नफालौं,
- कुहिने र नकुहिने फोहोरलाई छुट्याएर अलग-अलग राखौं,
- घरायसी फोहोर कम गरौं,
- पुनः प्रयोग गर्न सकिने फोहोरको व्यवस्थापन गरौं,
- जैविक फोहोरबाट प्राङ्गारीक मल उत्पादन गरौं।
- तोकिएको समय र स्थानमा मात्र फोहोर फालौं,
- प्लास्टिक, कागज, काँचजस्ता पुन:प्रयोग हुने वस्तुहरूको छुट्टै संकलन गरौं, *फोहोर नजलाऔं, फोहोरको समुचित व्यवस्थापन गरौं र वातावरण जोगाऔं।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिलावाडीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी

डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।

– सास लिभोसन

## सम्पादकीय

# मनसुन शुरुसंगै पूर्वतयारीमा लाग

नेपालमा मनसुन भित्रिने सरदर मिति जुन १३ तारिख हो । भूउपग्रह, वायुमण्डलीय र मौसम मोडेलबाट प्राप्त सूचना अनुसार पनि नेपालमा मनसुन भित्रिन लागेको महाशाखाले प्रस्ट पारेको छ । यस वर्षको मनसुनमा देशव्यापी रूपमा विगतको भन्दा अधिक वर्षा हुने प्रक्षेपण गरिएको छ । सरकार र सम्बन्धित निकाय मनसुनजन्य विपत्बाट जोगिन पूर्वतयारी र प्रतिकार्यमा जुट्न ढिलाई गर्न हुँदैन । आमजनता पनि विपत्बाट जोगिन सचेत हुन जरुरी छ ।

यस वर्षको बर्खायाममा अधिक वर्षा हुने र पहिलेभन्दा बढी जनधनको क्षति हुन सक्ने पूर्वानुमान गरिएको छ । सरकारका तर्फबाट राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना-२०८२' ले देशभरका चार लाख ५७ हजार घरपरिवारका करिब २० लाख मानिस बाढी, पहिरो, भारी वर्षा, डुबानलगायतबाट प्रभावित हुने प्रक्षेपण गरिएको छ । विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको ३२ औँ बैठकले यस पटकको कार्ययोजना पारित गरिसकेको छ । काठमाडौँ उपत्यकाबाट पानी बाहिरिने एक मात्र बाटो चोभार गल्छी साँघुरो हुँदा गत वर्ष भीषण वर्षा भएसँगै काठमाडौँ उपत्यकामा ठुलो क्षति भएको थियो ।

मुख्यतः नक्खु, कुलेश्वर, थापाथली, बल्खुलगायतका भूभाग डुबानमा परेका थिए । त्यहाँ फेरि क्षति हुन नदिन चोभार गल्छीमा रहेको अवरोध हटाउन सहरी विकास मन्त्रालयलाई निर्देशन दिइएको छ । बैठकले आपत्कालीन गोदामघर सञ्चालन कार्यविधि-२०८१ (प्रथम संशोधन) सम्बन्धी प्रस्ताव पारित गरेको छ । विपत्सँग जुध्न उच्च पूर्वतयारीमा प्राधिकरण, जल तथा मौसम विज्ञान विभागलगायत सबै निकायको समन्वय र सहकार्यआवश्यक छा । मनसुनी विपत्सँग जुध्न गत वर्षको कमीकमजोरीबाट पाठ सिकेर गहन तयारीमा सरकार जुट्नुपर्छ । गत वर्ष पनि अधिक वर्षा हुने पूर्वानुमान गरिए पनि समयमा उद्धार गर्न कठिनाइ भएको थियो । यस पटक प्रत्येक वडामा २५ जना स्वयंसेवी मनसुनअगावै विपत् उद्धारका लागि तयार गरिने निर्णय कागजमा सीमित हुनुहुन्न। त्यसको जिम्मा सशस्त्र प्रहरीलाई दिइएको छ । नेपाली सेना, नेपाल प्रहरीलगायतका सुरक्षा निकायसँग पनि विपत्का बेला सहकार्य भइरहेको छ । त्यस्तै उद्धारका लागि आवश्यक डुङ्गा, बोट, डोरीलगायतका सामग्री गत वर्ष नपुग भएकाले यस पटक अन्य निजी क्षेत्रसँग सहकार्य गरेर तैनाथ राखिने भएको छ । जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले आफ्नो क्षमताले भ्याएसम्मको मनसुनी पूर्वसूचना दिइरहेको छ ।

भौगोलिक स्थिति, भूधरातलीय बनावट र विविध मौसमी अवस्थाका कारण नेपाल बाढी, पहिरो, डुबान, चट्याङ, आगलागी जस्ता विपत्जन्य घटनाको उच्च जोखिममा रहेको छ । करिब ८० प्रतिशत नेपाली जनता कुनै न कुनै किसिमको विपत्को उच्च जोखिमको अवस्थामा जिउन बाध्य रहेको तथ्याङ्क छ । नेपालमा चैतदेखि भदौसम्म ग्रीष्मकालीन र असोजदेखि फागुनसम्म शीतकालीन मनसुनी अवस्था रहने गर्छ । हिन्द महासागरमा विकास भई बङ्गालको खाडी हुँदै नेपाल प्रवेश गर्ने मनसुनी वायुका कारण सामान्यतया जेठको अन्त्यदेखि असोजसम्म निरन्तर वर्षा हुने गर्छ । नेपालमा वार्षिक वर्षाको करिब ८० प्रतिशत वर्षा मनसुनी वर्षाको रूपमा यही अवधिमा हुने गर्छ । छोटो अवधिमा निरन्तर र ठुलो मात्रामा वर्षा हुँदा यसले विपत्को रूप लिने अवस्था छ । त्यसै गरी असोजदेखि चैतसम्म अरब सागरमा विकास भई नेपाल प्रवेश गर्ने मनसुनी वायुले हिउँदे वर्षा गराउँछ । हिउँदे वर्षा राम्रो भयो भने हिउँदे बाली र बर्खे वर्षा राम्रो भयो भने बर्खे बाली राम्रो हुने गर्छ । अतः सन्तुलित वर्षाको आशा गर्दै सबै जना पूर्वतयारीका साथ सचेत हुन जरुरी छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : आर्थिक समस्या |
| कर्कट | : मानसिक तनाब | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# अण्डाको मूल्य बढेपछि किसानलाई राहत

**पोखरापत्र संवाददाता**
चितवन, १७ जेठ

लामो समयदेखि लागत मूल्यभन्दा सस्तोमा अण्डा बिक्री गर्दै आएका किसानले मूल्य बढेसँगै राहत महसुस गरेका छन् । उच्च गर्मीका कारण उत्पादन घट्दा माग बढेर मूल्य बढेको हो ।

नेपाल लेयर्स कुखुरा पालक सङ्घले अण्डाको समर्थन मूल्य तोक्दै आएको छ । आजदेखि लागू हुनेगरी एक्सएल अण्डा प्रतिक्रेट (३० वटा) को रु ४८० फार्म मूल्य तोकेको छ । यस्तै ठूलो अण्डा रु ४६५ र मझौला रु ४३५ तोकिएको छ । यसअघिको भन्दा प्रतिक्रेटमा रु १५ बढेको हो । यो हिसाबले किसानले प्रतिगोटा अण्डाको मूल्य १५ रुपैयाँ ५ पैसा प्राप्त गरेका छन् । सङ्घका अध्यक्ष विनोद पोखरेलका अनुसार किसानको लागत मूल्य प्रतिगोटा १६ रुपैयाँ ५६ पैसा पर्न आउँछ । उहाँले भन्नुभयो, "बढ्दा समेत किसानले लागत मूल्य पाउन सकेका छैनन् । तर पनि मूल्य वृद्धि हुँदा राहत महसुस गरिरहेका छन् ।"

पोखरेलले चर्को गर्मीका कारण अण्डा उत्पादनमा २५ प्रतिशतसम्म घटेको बताउनुभयो । गर्मी मौसममा कुखुराले कम दाना खाने र उत्पादन घटाउने उहाँ बताउनुहुन्छ । यससँगै विभिन्न खालका रोगहरू देखा पर्ने गर्दछन् ।

पाँच महिनाअघि दैनिक ४० हजार कार्टुन अण्डा उत्पादन हुने गरेकोमा अहिले २५ हजार हाराहारीमा झरेको छ । गर्मीसँगै दानाको मूल्य बढेको र अण्डाको मूल्य कम हुँदा धेरै किसानले कुखुरा बेचे र नयाँ चल्ला राख्न नसकेको उहाँ बताउनुहुन्छ । अण्डा दिने कुखुरा घट्दा र माग बढ्दा मूल्य क्रमशः बढ्ने देखिन्छ । नेपालमा अण्डा उत्पादन गर्दै आएका ७५ प्रतिशत हाराहारी किसान विस्थापित भइसकेका छन् । ठूला फार्महरू खुलेकाले मागलाई धान्न सकेको पोखरेलले बताउनुभयो ।

# आधारभूत कक्षामा विद्यार्थी संख्या शून्य

**पोखरापत्र संवाददाता**
म्याग्दी, १७ जेठ

म्याग्दीको बेनी नगरपालिका-१ लामगरामा रहेको युवा वर्ष आधार भूत विद्यालयको तीन वटा कक्षामा विद्यार्थी सङ्ख्या शून्य भएको छ ।

कक्षा चारसम्मको पठनपाठनको अनुमति पाएको विद्यालयको २, ३ र ४ कक्षामा नयाँ शैक्षिक सत्र २०८२ मा भर्ना हुन आउने विद्यार्थीको सङ्ख्या शून्य भएको हो । प्रधानाध्यापक खिमबहादुर चर्माकारले बालकक्षामा चार र कक्षा एकमा तीन जना विद्यार्थी रहेका बताउनुभयो । "गत वर्ष कक्षा ४ मा तीन, ३, २ मा एक/एक एक र १ मा तीन जना विद्यार्थी थिए", उहाँले भन्नुभयो, "चार कक्षा उत्तीर्ण भएका माथिल्लो तह अध्ययन गर्न, सारेमारे टोलबाट आउने २ र ३ का विद्यार्थी टाढा भएपछि अर्को विद्यालयमा भर्ना भए ।" कक्षा १ का विद्यार्थीको उमेर कम भएको र सिकाइ वृद्धिका लागि कक्षा दोहोऱ्याइएको र बालकक्षामा नयाँ विद्यार्थी भर्ना गरिएको प्रअ चर्माकारले बताउनुभयो ।

युवा वर्षको सेवा क्षेत्रमा पर्ने आनन्दबगर, लामगरा, सिम र सारेमारे टोलमा भर्नाका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षकले घरदैलो गरेका थिए । आनन्दबगर र सारेमारे टोल टाढा भए पनि नजिकैको लामगरा र सिमका अभिभावकले पनि बेनीका सामुदायिक र निजी विद्यालयमा पठाउन थालेपछि पछिल्लो पाँच वर्षयता विद्यार्थी सङ्ख्या घट्दै गएको व्यवस्थापन समितिका अध्यक्ष भविराम थापाले बताउनुभयो । लामगरा र सिममा करिब ५० घरपरिवारको बसोबास छ । अङ्ग्रेजी माध्यमबाट पठनपाठन, पुस्तकालय, बालमैत्री शिक्षण विधि, विपन्न विद्यार्थीको लागि पोसाक र शैक्षिक सामग्रीको व्यवस्था मिलाए पनि अभिभावकले वास्ता नगर्दा निराश भएको व्यवस्थापन समितिका अध्यक्ष थापाले बताउनुभयो ।

विसं २०४१ मा स्थापना भएको विद्यालयमा १०० जनासम्म विद्यार्थी हुन्थे । सिकाइ उपलब्धि ९५ प्रतिशत छ । विद्यार्थी सङ्ख्या कम भएपछि गत वर्ष बेनी नगरपालिकाले एक वटा कक्षा घटुवा गरेर चार कक्षासम्म कायम गरेको थियो । उक्त विद्यालयमा हाल दुई जना स्थायी दरबन्दी, एक जना निजी स्रोतका शिक्षक र एक जना सहयोगी कर्मचारी छन् । बेनी नगरपालिकाले विद्यार्थी नभएका कक्षा घटुवा गर्ने र शिक्षकलाई नजिकको धेरै विद्यार्थी भएको विद्यालयमा व्यवस्थापन गर्ने नीति लिएको छ । युवा वर्षलगायत विद्यार्थी कम भएका विद्यालयको सघन अनुगमन गरेर आवश्यक निर्णय लिइने बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बताउनुभयो ।

# 'एक घर, एक धारा' बनेपछि स्थानीय हर्षित

**पोखरापत्र संवाददाता**
बागलुङ, १७ जेठ

जिल्लाको विकट मानिने निसीखोला गाउँपालिका-६ स्थित भल्कोट र बुढाथोकमा 'एक घर, एक धारा' निर्माण गरिएको छ । गाउँपालिका र नेपाल स्वास्थ्यका लागि पानी (नेवा) को सहलगानीमा भल्कोट र बुढाथोक गाउँका ९४ घरमा 'एक घर, एक धारा' निर्माण गरिएको हो । वर्षौँदेखि सीमित धाराबाट पानी उपभोग गर्दै आएका स्थानीय हाल आँगनमै धारामा पानी आउपछि दङ्ग छन् ।

भल्कोट गाउँमा मोराखेला खानेपानी आयोजनामार्फत धारा निर्माण गरिएको हो । यहाँ नेवाको रु १३ लाख ३० हजार एक सय १३, गाउँपालिकाको रु सात लाख सात सय ७७ र जनश्रमदान रु आठ लाख छ हजार तीन सय ७१ गरी कूल रु २८ लाख ३७ हजार दुई सय ६१ मा ५५ धारा निर्माण गरिएका छन् । भल्कोट गाउँमा चार हजार नौ सय १५ मिटर टाढा रहेको मोराखोलाबाट पाइपलानमार्फत पानी घरघरमा पुऱ्याइएको हो ।

नेवा बागलुङका कार्यक्रम अधिकृत विनोद कोइरालाका अनुसार आयोजना सम्पन्न भएर धारामा पानी आउन थालेको छ । यस्तै, बुढाथोकमा नेवाको रु ११ लाख ५५ हजार १५, गाउँपालिकाको रु छ लाख ६४ हजार नौ सय ५५ र जनश्रमदान रु छ लाख ५७ हजार नौ सय आठ गरी कूल रु २४ लाख ७७ हजार आठ सय ७८ मा ३९ धारा निर्माण गरिएको उहाँले जानकारी दिनुभयो । यस गाउँमा दुई सय मिटर लामो दूरीमा रहेको मुहानबाट पाइपमार्फत घरघरमा पानी पुऱ्याएको छ । गल्कोट र बुढाथोक गाउँमा लामो समयदेखि खानेपानीको समस्या रहेको र स्थानीयका मागपछि पालिकासँगको सहकार्यमा धारा निर्माण गरिएको कोइरालाले बताउनुभयो । घर-घरमा पानी आएपछि स्थानीय हर्षित भएका छन् । यसअघि सार्वजनिक धारामार्फत खानेपानी वितरण हुँदै आएकामा आयोजनाको संरचना जीर्ण भएपछि नियमित आपूर्तिमा समस्या रहेको स्थानीय रामकुमारी बुढा मगरले बताउनुभयो । स्थानीयलाई खान, स्नान र कपडा धुनका लागि निकै समस्या हुने गरेको उहाँको भनाइ छ । अब घरमै धारा बनेपछि समस्या समाधान हुने विश्वाससहित उहाँले भन्नुभयो, "गाउँमा धेरै वर्ष अगाडि बनेका थोरै धारा थिए, ती धाराबाट पानी थाप्न समस्या छ । सानो पानी आउने, धेरैले एकैपटक पानी भर्न खोज्दा लाइनमा बस्नुपर्ने, सरसफाइ गर्न र वस्तुभाउलाई पानी खुवाउनका लागि गाह्रो थियो । अब त घरमै धारो बन्यो, पहिलेको जस्तो समस्या हुँदैन कि भन्ने अपेक्षा गरेका छौँ ।"

निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्ती मगरले सबै नागरिकलाई घर-घरमा स्वच्छ खानेपानीको सुविधा दिने गरी काम गरिएको बताउनुभयो । अधिकांश गाउँ बस्तीमा 'एक घर, एक धारा' निर्माण भएर सञ्चालनमा आएको र बाँकी बस्तीमा पनि गाउँपालिकाले विभिन्न संस्थासँग सहकार्य गरेर पानी पुऱ्याउने काम गरिरहेको उहाँले जानकारी बताउनुभयो । "एक दशक अगाडिसम्म धेरै गाउँमा सार्वजनिक धारोबाटै पानी उपभोग गर्नुपर्ने बाध्यता थियो । पछिल्लो समय स्थानीय तह आएपछि सो समस्या समाधानको पहल सुरु भएको थियो । यो अभियानअन्तर्गत एक घर एक धारा बनेपछि ती क्षेत्रमा समस्या समाधान भएको छ", उहाँले भन्नुभयो ।

# लिटल फ्लावरमा स्वास्थ्य परीक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ



पोखरा महानगरपालिका वडा नं २७ रिठेपानी स्थित लिटल फ्लावर एजुकेशनल सेकेण्डरी स्कुलमा स्वास्थ्य परीक्षण कार्यक्रम सम्पन्न भएको छ ।

पोखरा ११ रानीपौवामा रहेको मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टरप्रालीको प्राविधिक सहयोगमा विशेषज्ञ डाक्टरहरुबाट विद्यालयका कक्षा नर्सरीदेखि १२ सम्मका विविध समस्या भएका करीव २५० विद्यार्थीहरुको नाक, कान घाँटी तथा बाल रोगको स्वास्थ्य परीक्षण गराइएको हो ।

विद्यालयको शैक्षिक सत्र २०८२ को नियमित वार्षिक कार्यक्रम अन्तर्गत शनिवार सम्पन्न भएको उक्त स्वास्थ्य परीक्षणमा मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टर पोखराका बालरोग विशेषज्ञ प्रोफेसर डाक्टर इभा गौचन , नाक, कान घाँटी विशेषज्ञ सह प्राध्यापक डाक्टर आकाशमणि भण्डारी, मेडिकल अफिसर डाक्टर बन्दना सिग्देल, नर्सहरु निसानी खत्री,पूर्णिमा मल्ल लगायतको समूहले परीक्षण गरेको हो । विद्यालय संस्थापक देवी प्रधानले स्वागत गर्दै विद्यालयलाई थप व्यवस्थित बनाउने प्रयत्नमा आफूहरु रहेको वताइन् । प्रिन्सिपल विकल पौडेलले कार्यक्रम सम्पन्न गर्न प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउने सम्पूर्णलाई धन्यवाद ज्ञापन गरे । मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टर पोखराका व्यवस्थापक सुरेशराज सुवेदीले अस्पताल र स्वास्थ्य सेवाका वारेमा जानकारी गराउँदै विद्यालय र अस्पताल वीच सम्झौता गरी विद्यार्थी,शिक्षक र अभिभावकहरुलाई समेत विविध सेवामा १० देखि २५ प्रतिशतसम्म आगामी दिनमा छुटको सुविधा दिने प्रतिबद्धता जनाएका थिए । कार्यक्रममा बोल्दै राइजिङ्ग स्टार युवा कल्बका अध्यक्ष यमप्रसाद गुरुङ्गले स्वास्थ्यको महत्व बुझेर स्वास्थ्य परीक्षण राख्नु सराहनीय कार्य भएको उल्लेख गरे।

पोखरा महानगरपालिका वडा नं २७ की वडा सदस्य लक्ष्मी वि क र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तिलकसिंह गुरुङ्गले संयुक्त रुपमा डाक्टरहरुको समूहलाई स्वास्थ्य सामग्री हस्तान्तरण गरी सुरुवात गराइएको कार्यक्रम कक्षा ११, १२ संयोजक बिष्णुहरि पौडेलले सञ्चालन गरेका थिए ।

# डिजेल र पेट्रोलको मूल्य बढ्यो

**रासस**
काठमाडौं, १७ जेठ

नेपाल आयल निगमले डिजेल, मट्टितेल र पेट्रोलको मूल्य बढाएको छ ।

निगम सञ्चालक समितिको बैठकले शनिबार मध्यरातदेखि लागू हुने गरी डिजेल, मट्टितेलको साविकको खुद्रा बिक्री मूल्यमा प्रतिलिटर रु एक र पेट्रोलमा प्रतिलिटर रु २ बढाएको हो ।

निगमले हवाई इन्धनको मूल्य भने घटाएको छ । हवाई इन्धन (आन्तरिक)तर्फ प्रतिलिर रु ३ र अन्तरराष्ट्रियतर्फ अमेरिकी डलर २२ ले घटाइएको निगमले जनाएको छ ।

मूल्य बढेसँगै पहिलो, दोस्रो र तेस्रो वर्गमा डिजेल र मट्टितेल क्रमशः प्रतिलिटर एक सय ४० रुपैयाँ ५० पैसा, एक सय ४२ रुपैयाँ र एक सय ४३ रुपैयाँ तथा पेट्रोल क्रमशः प्रतिलिटर एक सय ५६ रुपैयाँ ५० पैसा, एक सय ५८ रुपैयाँ र एक सय ५९ रुपैयाँ तोकिएको छ ।

# पोखरा २२ का ५० परिवारलाई रोटरी क्लबद्धारा विद्युतिय चुल्हो सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ




रोटरी क्लब अफ पोखरा न्यूरोडको आयोजना र पोखरा महानगरपालिका वडा नं. २२ को कार्यालयको सहकार्यमा उल्लेरी गाउँका ५० घरपरिवारलाई विद्युतिय चुल्हो सहित आवश्यक भाडाहरु विहिबार वितरण गरेको छ ।

कार्यक्रमको प्रमुख अतिथि रोटरी इन्टरनेशनल ३२ ९२ का गभर्नर इलेक्ट विनोद कोइरालाले सहभागिलाई २००० वाटको विद्युतिय चुल्हो, ३ लिटरको प्रेसर कुकर, दिउरी र कराई सहितको सेट सहभागि मध्ये जेष्ठ नागरिकलाई हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गरेका थिए । साथै उनले विद्युतबाट चल्ने भएकोले प्रयोगमा ल्याउन सुरु सुरुमा अप्ठ्यारो हुने भएकाले इलेक्ट्रिसियनको सहयोग लिनु पर्ने सुझाव दिदैं ग्यास र दाउरामा खाना पकाउन भन्दा सस्तो पर्ने समेत वताए । सो अवसरमा पोखरा महानगरपालिका वडा नं. २२ का वडा अध्यक्ष हिमलाल बरालले रोटरी क्लब संग सहकार्य गरेर आफ्नो वडालाई धुवा मुक्त भान्सा वनाउने अभियानमा जोडिन पाउनु नै गर्वको कुरा भएको वताए । साथै उनले वातावरण जोगाउँदै स्वस्थ रहि आफ्नै देशमा उत्पादन भएको विजुलीको अधिकतम् उपयोग गर्नु पनि नागरिकको कर्तव्य भएको वताए ।

कार्यक्रममा रोटरी क्लब अफ पोखरा न्युरोडका अध्यक्ष दिपेन्द्र शर्माले आगामि वर्ष पोखरा २२ का सबै घर धुरी धुवा मुक्त वनाउन सबै वडावासीलाई विद्युतिय चुल्हो तथा अन्य आवश्यक किचन सामाग्रीहरु वितरण गर्ने योजना रहेको वताए ।

क्लबका अध्यक्ष दिपेन्द्र शर्माको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेल, क्लबका पुर्व अध्यक्षहरु सुवास सिग्देल, गिता सिग्देल, कार्यक्रम संयोजक प्रेम प्रसाद शर्माले वोलेको कार्यक्रमको संचालन सचिव वर्षा केशव पराजुलीले गरेका थिए ।

# खोल्साको टिम्मुरबाट आम्दानी

पोखरापत्र संवाददाता
म्याग्दी, १७ जेठ



म्याग्दीका किसानले ख्यालख्यालैमा सुरु गरेको टिम्मुरखेती यहाँका किसानहरूको लोभलाग्दो आम्दानीको माध्यम बन्दै गएको छ । यहाँका गाउँमा किसानले कतै बिरूवा उमारेर टिम्मुरखेती गरेका छन् भने कतै खोल्साखाल्सी, पाखो र खेती नहुने ठाउँमा प्राकृतिक रूपमा उम्रेका बिरूवा र बोटहरूको संरक्षण गरी आम्दानी गरिरहेका छन् ।

आयुर्वेदिक चिकित्सामा टिम्मुरलाई धेरै रोगको औषधि मानिन्छ । यसको अचारले खानाका परिकारलाई स्वादिष्ट बनाइदिन्छ । त्यसैले बजारमा टिम्मुर प्रतिकिलो आलोमा रू तीन सयदेखि पाँच सय र सुकाएको रू एक हजार पाँच सयदेखि रू दुई हजारसम्म बिक्री हुने गर्दछ ।

यस्तो बहुउपयोगी टिम्मुरको महत्व बुझेपछि यहाँका किसानले व्यावसायिक रूपमा नै टिम्मुरखेती सुरु गरेका हुन् । पाखो जग्गामा मात्रै होइन खेतीयोग्य जग्गामा समेत टिम्मुर लगाएका कृषकले टिम्मुरको फल बिक्री गरेर वार्षिक रू दुई लाखदेखि रु सात लाखसम्म आम्दानी गर्दै आएका कृषि प्राविधिकहरूले बताएका छन् ।

जिल्लाका सबैजसो स्थानीय तहमा टिम्मुरखेती हुन्छ । यहाँका मालिका, मङ्गला, अन्नपूर्ण, धौलागिरि र रघुगङ्गा गाउँपालिकाका लेकाली तथा बेसी क्षेत्र र बेनी नगरपालिका–३ भकिम्ली, वडा नं ९ घतान, तोरीपानी र वडा नं १० पात्ले खेतलगायत ठाउँमा व्यावसायिक रूपमा टिम्मुरखेती गरिएको डिभिजन वन कार्यालयले जनाएको छ । कार्यालयका सहायक वन अधिकृत एवं टिम्मुरविज्ञ चन्द्रमणि सापकोटाले टिम्मुरखेती यहाँका कृषकहरूको लागि आम्दानीको माध्यम बन्दै गएको बताउनुभयो । उहाँका अनुसार जिल्लामा वार्षिक करिब तीन हजार केजी टिम्मुर उत्पादनको सम्भावना रहेको छ । टिम्मुरखेतीको व्यावसायिक उत्पादन गरिरहनुभएका अगुवा कृषक लालबहादुर घर्तीले टिम्मुर 'चिन्नेलाई श्रीखण्ड नचिन्नेलाई खुर्पाको बिँड' लोकोक्तिसँग मिल्ने महत्वपूर्ण वनस्पति भएको बताउनुहुन्छ । उहाँले नर्सरी स्थापना गरेर टिम्मुरका बिरूवा बिक्री गर्दै आउनुभएको छ । टिम्मुर बिक्री गरेर गतवर्ष रू चार लाख ८६ हजार आम्दानी गर्नुभएका घर्तीले यसवर्ष टिम्मुरखेती विस्तार गरेको बताउनुभयो । डिभिजन वन कार्यालयका अनुसार जिल्लामा २० वटा समूह गठन गरी टिम्मुरखेती विस्तार भइरहेको छ । जेठमा फल लाग्न सुरू हुने यो वनस्पति भदौ-असोजमा पाक्ने गर्छ र टिपेर सुकाएपछि बिक्रीका लागि योग्य हुन्छ ।

म्याग्दीमा वार्षिक पाँच हजार किलो टिम्मुरको माग भए पनि तीन हजार किलो मात्र उत्पादन हुने अनुमान गरिएको डिभिजन वन कार्यालयले जनाएको छ । यहाँको टिम्मुर विदेशमा समेत निर्यात हुने गरेको छ ।

# नयाँ पुस्ताले चासो नदिँदा भेडापालन सङ्कटमा

पोखरापत्र संवाददाता
बागलुङ, १७ जेठ

निसीखोला गाउँपालिका-६ का ६७ वर्षीय भागविर घर्ती मगरले भेडापालनमा लागेको ५८ वर्ष भयो । नौ वर्षको उमेरदेखि भेडापालनमा लाग्नु भएका उहाँ अहिले पनि उस्तै तगडा हुनुहुन्छ । उहाँका भेडाका बथानमा २०० को हाराहारीमा पाठापाठी र माहुँ भेडा छन् । गत असोज दसैँ मान्नका लागि बेसी झर्नु भएका किसान घर्ती लेक उक्लिने तरखर गर्दै हुनुहुन्छ ।

उहाँका लेकमा बस्ने धेरैजसो गोठाला साथी लेक उक्लिसके ।

जेठ दोस्रो सातादेखि किसानले पशुचौपाया बुकी उकाल्न थालेपछि अहिले तल्लो क्षेत्र सुनसान बनेका छन् । यति बेला बागलुङको रिग क्षेत्र, खोलाखानी, सोडेडाँडा, पातीहाल्नेलगायतका ठाउँमा गाईभैँसी, भेडाबाख्रा, भोटे कुकुरसँगै गोठाला किलादाम्ला र खर्चपर्च बोकी बुकी उक्लि रहेको भेटिन्छ । एकै परिवारले सयौँको सङ्ख्यामा पशुचौपाया पाल्ने हुँदा बाह्रै महिना एकै ठाउँमा बसेर घाँस र दाना पुऱ्याउन सक्दैनन् । यतिबेला लेक उक्लिएका गोठाला दसैँ मान्न असोज तिर मात्रै बेसी झर्छन् । अबको एक सातामा बुकी भेडाका बथानले भरिन्छन् भने बेसी क्षेत्र रित्तो हुन्छन् । अघिल्लो वर्ष असोजमा बेसी झरेका गोठाला सात महिनापछि लेक उक्लिन थालेका हुन् । लामो समय लेकमै बस्ने हुँदा भागविरले खाने खर्चको चाँजोपाँजो मिलाउँदै हुनुहुन्छ । अबको करिब पाँच महिना लेकमै बिताउने उहाँ बताउनुहुन्छ । यति बेला बेसीमा घाँस सकिएको र लेकमा प्रसस्त पाइने उहाँको भनाइ छ । गोठालाहरु तीन हजारदेखि चार हजार ५०० मिटरको उचाइसम्म पुग्ने गर्छन् । यस वर्ष अलि छिटै वर्षा सुरु भएपछि लेकमा घाँस पलाउन थालेको घर्तीले बताउनुभयो । बर्खा भरि बुकीमा पालेका भेडाबाख्रा दसैँ बेला बजारसम्म पुऱ्याएर राम्रो मूल्य पार्ने गर्दछन् । बागलुङको निसीखोला-६ मा पर्ने रिग, खानीखोलामा रोल्पा र रुकुमका गोठाला पनि हजारौँ भेडाबाख्रा लिएर आउने गर्छन् । हिउँदको समय बुकीमा हिउँ पर्ने र जाडो हुने हुँदा बेसी ओर्लने गर्छन् । पछिल्लो समय नयाँ पुस्ताले चासो नदिँदा भेडापालन किसान कम भएको उहाँको भनाइ छ । "लामो समय बेसीमै बसियो, अब लेक जाने बेला भयो, यसपाली मैले केही दिन ढिला गरेँ, अबको दुई/चार दिनमा म पनि लेकमा पुगि सक्छु, गाउँमा बस्दा परिवारसँगै भइन्छ, रमाइलो हुन्छ, लेकमा त सबै हुँदैनन्," उहाँले भन्नुभयो, "अब गएपछि आउने उहीँ दसैँ बेला हो, त्यस बेलासम्म छोराछोरीसँग भेट्न हुन पाइँदैन, कहिलेकाहीँ अन्नपात लिएर लेक उक्लिए भने मात्रै भेट हुन्छ ।" जिल्लो तमानखोला, बोबाङ, अधिकारीचौर लगायतका क्षेत्रका भेडीगोठाले पनि ढोरपाटन, जलजलालगायतको क्षेत्रमा वस्तुभाउ लिएर जाने गर्छन् । यी क्षेत्रबाट आधाभन्दा बढी गोठाला लेकमा पुगी सके भने केही बाटोमै भेटिन्छन् । कोही जाने सुरसार गर्दैछन् । ढोरपाटन-९ का थमबहादुर पुनले गत साता गाईभैँसीलाई लेक पुऱ्याउनु भएको छ । आफु पेटसम्बन्धि रोगी भएको हुँदा उपचारका लागि अहिले बेसी झार्नु भएको छ । पाँच दिनपछि लेक फर्किने गरी बेसी झरेको पुनले बताउनुभयो । पहिले लेक जाँदा अन्नपात र वस्तुभाउका किलादाम्ला मान्छेलेनै बोकेर लैजाने गरेको भन्दै बुर्तिबाङ-ढोरपाटन सडकमा गाडी चल्ने हुँदा ढुवानी तिरर लैजाने गरेको सुनाउनुभयो । बाउबाजेको पालादेखिनै लेकबेसी गरेर सयौँ वस्तुभाउ पाल्दै आएको पुनको भनाइ छ । आफूको पुस्ताले पशुपालन गरेरै जीविको चलाए पनि अबका नयाँ पुस्ताले यो पेसा नगर्ने उहाँ बताउनुहुन्छ । उहाँले भन्नुभयो, "गाउँभरिका सबैले पशु पाल्ने हुँदा एकै ठाउँमा राखेर दाना र घाँस पुऱ्याउन सकिदैन, त्यसले गर्दा बर्खामा लेक र हिउँदमा बेसी झर्ने चलन चलेको हो, एउटै परिवारले कम्तिमा २०/३० गाईभैँसी पालेको हुन्छ, कोहीले सयौँको सङ्ख्यामा भेडाबाख्रा पालेको हुन्छ, त्यति धेरै वस्तुभाउलाई कसरी घाँस पुऱ्याउने ?, त्यही भएर लेकबेसी गर्ने गरेका हौँ ।"

# बुद्ध विशाल बजार व्यापारिक एशोसियसनको फुटसल प्रतियोगिता सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १७ जेठ




बुद्ध विशाल बजार व्यापारिक एशोसियसन पोखराले आफ्ना व्यवसायी बिच नवौं आन्तरिक फुटसल प्रतियोगिता आयोजना गरेको छ ।

लिगको आधारमा खेलाइएको उक्त फुटसल प्रतियोगितामा पाँच टिम सहभागी रहेकोमा अतिश गुरूङको टिम प्रथम हुदै नगद १८ हजार सहित सिल्ड,मेडल र प्रमाणपत्र प्राप्त गरेको थियो भने सुशिल श्रेष्ठको टिम द्वितीय हुदै नगद १२ हजार सहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको थियो भने अनुशासित टिमको उपाधि गणेश कुवंरको टिमले नगद ५ हजार प्राप्त गरेको थियो । यस अघि कार्यक्रमको उद्घघाटन गर्दे प्रमुख अतिथि कास्की जिल्ला खेलकुद समितिका अध्यक्ष मिलन गुरूङले खेल खेल्नु मनोरञ्जन मात्र नभएर स्वास्थलाई पनि राम्रो हुने भएकोले दिनमा केही समय खेलकुदको लागि समय व्यवस्थापन मिलाउन व्यवसायी साथीहरूलाई अनुरोध गर्दे बुद्ध विशाल बजार व्यापारिक एशोसियसनलाई जिल्ला खेलकुद समितिले गर्नेुपर्ने सयोगको लागि आफू प्रतिवद्व रहेको बताए ।

गुरूङले आगामी दिनमा एशोसियसन र जिल्ला खेलकुद विकास समिति सगसगै मिलेर कार्यक्रम गर्नेुपर्ने बताए । कर्यक्रममा बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका मानार्थ सदस्य तथा उच्च स्तरीय समन्वय समितीका संयोजक केशवबहादुर खत्रीले व्यवसायीका हक हितको लागि आफु सदैव लड्न तयार रहेको बताउदै बुद्ध विशाल बजार व्यापारिक एशोसियसनले व्यवसायी विच आत्मीयता बढोस भनेर बिगतका वर्षहरूमा झै यो वर्ष पनि आफ्ना व्यवसायी विच आन्तरिक फुटसल प्रतियोगिता आयोजना गरिएको बताए । बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका अध्यक्ष ईन्द्रराज अर्यालको सभापतित्वमा भएको कार्यक्रमको सन्चालन एशोसियसनका महासचिव राजु केसीले गरेका थिए भने उपाध्यक्ष बुद्धि वहादुर कुवँरले स्वागत मन्तव्य राखेका थिए ।

# पोखरामा एक्सपर्ट एजुकेसन अन्तर विद्यालय छात्र टि-२० क्रिकेट प्रतियोगिता शुरु

पोखरापत्र संवाददाता
पोखरा, १७ जेठ

पोखरामा एक्सपर्ट एजुकेसन अन्तर विद्यालय छात्र टि-२० क्रिकेट च्याम्पीयनसीप शुरु भएको छ ।

पोखरा महानगर क्रिकेट संघको आयोजना तथा एक्सपर्ट एजुकेसन एण्ड भिसा सर्भिसेजको मुख्य प्रायोजनमा प्रतियोगिता शुरु भएको हो । प्रतियोगिताको शनिबार भएको उद्घाटन खेलमा मदरल्याण्ड सेकेण्डरी स्कुलले बिजयी शुरुवात गरेको छ । लेखनाथस्थित ईडेन गार्डेन क्रिकेट मैदानमा वर्षाका कारण १५ ओभरमा घटाइएको खेलमा मदरल्याण्डले वाराही माविलाई ९ रनले पराजित गर्दै बिजयी शुरुवात गरेको हो । वाराहीले टस जितेर फिल्डिङ रोजेपछि व्याटिङमा आएको मदरल्याण्डले निर्धारित १५ ओभरमा ७ विकेटको नोक्सानीमा ८७ रन बनाएको थियो ।

मदरल्याण्डका लागि विप्लव मल्लले २८ बलमा ३१ रन, अविक कर्णले १२ बलमा १६ रन तथा किरण पौडेलले १७ बलमा १४ रन बनाए । मदरल्याण्डलाई ठूलो स्कोर बनाउनबाट रोक्ने क्रममा वाराही माविका अभिषेक एडिकेले ३ ओभरमा ५ रन खर्चेर २ विकेट र विजेश भट्टराईले २ ओभरमा ७ रन खर्चेर २ विकेट नै हत्याए । ८८ रनको बिजय लक्ष्य लिएर जवाफी व्याटिङमा उत्रिएको वाराही मावि पूरै ओभर खेल्दै ८ विकेट गुमाएर ७८ रनमा सिमित भएपछि मदरल्याण्ड बिजयी भएको थियो ।

वाराही माविका अभिषेक एडिकेले २१ बलमा २२ रन, विजेश भट्टराईले २० बलमा १७ रन तथा सुमन श्रेष्ठले १६ बलमा ११ रन बनाएपनि टिमलाई जिताउन सकेनन् । वाराहीलाई सस्तैमा समेट्न मदरल्याण्डका विप्लव मल्लले ३ ओभरमा ४ रन खर्चेर २ विकेट तथा किरण पौडेलले ३ ओभरमा १९ रन खर्चेर ३ विकेट लिएका थिए । उद्घाटन खेलका प्लेयर अफ दी म्याच मदरल्याण्डका अलराउण्डर विप्लव मल्ल घोषित भए ।

यसअघि प्रतियोगिताको उद्घाटन पूर्व राष्ट्रिय खेलाडी राजकुमार छन्त्याल, जिल्ला स्तरीय खेलाडी प्रदीप तामाङ, मदरल्याण्डका शिक्षक बिनोद तिमिल्सिना, स्याङ्जाका अफिसियल अम्पायर द्वय प्रदीप गुरुङ र टोपबहादुर राना, क्यानका अफिसियल पिच क्यूरेटर राजन कुँवरले संयुक्त रुपमा उद्घाटन गरेका थिए । सो अवसरमा पूर्व राष्ट्रिय खेलाडी राजकुमार छन्त्यालले प्रतियोगिताका अफिसियलहरुलाई एक्सपर्ट एजुकेसन एण्ड भिसा सर्भिसेजको तर्फबाट टिसर्ट हस्तान्तरण गरेका थिए । जेठ २४ गतेसम्म हुने च्याम्पीयनसीपमा त्रिवेणी पब्लिक स्कुल, मदरल्याण्ड सेकेण्डेरी स्कुल, वराही मावि, एसओएस, रत्नज्योति सेकेण्डरी स्कुल, डायमण्ड सेकेण्डरी स्कुल, प्रतिभा मावि, जुनियर सिटिजन एकेडेमी, कुमुदिनी होम्स, न्यू लाईट सेकेण्डरी स्कुल, सृजना मावि र अमरसिंह मावि सहभागि छन् । देशका विभिन्न पालिकाहरुले आफ्नो क्षेत्रको खेलकुदलाई चलायमान बनाउनका लागि विभिन्न प्रतियोगिताहरु गरिरहँदा पोखरामा भने क्रिकेटका गतिविधिहरु न्युन मात्रामा भएकाले प्रतियोगिता आयोजना गरिएको पोखरा महानगरपालिका क्रिकेट संघका अध्यक्ष बिरेन्द्र पुनले बताए । कुनैपनि खेलको विकासका लागि पहिले त्यसको ग्राउण्ड लेभलबाटै विकास हुन जरुरी छ,उनले भने,'त्यसैले हामीले ग्राउण्ड लेभल बलियो बनाउन प्रतियोगिता आयोजना गरेका हौं । यसमा एक्सपर्ट एजुकेसन एण्ड भिसा सर्भिसेज मुख्य प्रायोजन गरेर सहयोग गरेको छ ।' प्रतियोगिताको बिजेता र उपबिजेतालाई ट्रफी, मेडल र प्रमाण पत्र प्रदान गरिने जनाइएको छ । त्यस्तै, प्लेयर अफ दी सिरिज, बेष्ट ब्याटर र बेष्ट बलरलाई रत्नश्री जिमको तर्फबाट एक महिनाका लागि निःशुल्क जिमको प्याकेज प्रदान गर्ने अध्यक्ष पुनले बताए ।

त्यस्तै, मुख्य प्रायोजक एक्सपर्ट एजुकेसन एण्ड भिसा सर्भिसेजको तर्फबाट छक्का गएको बल एक हातले समात्ने दर्शकलाई प्रत्येक पटक एक हजार रुपैयाँ दिईने एक्सपर्ट एजुकेसन एण्ड भिसा सर्भिसेजका विष्णु गौतमले जानकारी दिए ।

# जैमिनीमा एक सय ४० रोपनी बाँझो जग्गामा केराखेती

पोखरापत्र संवाददाता
बागलुङ, १७ जेठ

बागलुङको दक्षिण भेगमा रहेको जैमिनी नगरपालिकाको कुश्मिसेरा क्षेत्र केराखेतीले प्रसिद्ध छ । हाल जिल्लाका बजारमा यही क्षेत्रको अधिकांश केरा आउने गरेको बताइन्छ ।

नगरपालिकाले कुश्मिसेरा क्षेत्रलाई केराको हब बनाउने उद्देश्यसहित बाँझो जग्गा उपयोगको नीति लिएको छ । त्यसका लागि चालु आर्थिक वर्षमा 'सेरा जाउँ, केरा खाउँ' नीति तथा कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ । उक्त कार्यक्रममार्फत रु १२ लाख लागतमा १४० रोपनी जग्गामा तीन हजार पाँच सय केराका बिरुवा लगाउने लक्ष्य छ । सोअनुसार ७० प्रतिशत प्रगति भइसकेको वडा नं १ का अध्यक्ष विष्णुप्रसाद आचार्यले जानकारी दिनुभयो ।

हाल वडा नं १ कुश्मिसेराको १४० रोपनी जग्गामा केराखेती विस्तारको काम भइरहेको छ । कुश्मिसेरामा उत्पादन हुँदै आएका स्थानीय जातको केरालाई नगरपालिकाले केरा पकेट क्षेत्रको रूपमा विकास गरेको वडाध्यक्ष आचार्यले बताउनुभयो ।

कुश्मिसेराको फलाटे, भडारे र बिनामारेको केही स्थानमा धमाधम केराखेती विस्तार भइरहेको छ । वडाध्यक्ष आचार्यले भन्नुभयो,"पछिल्लो समय केराबाट यहाँका किसानले लाभ उठाउँदै आएका छन् । नगरपालिकाले यसमा प्रोत्साहन गर्दा बाँझो जग्गा सदुपयोग भएको छ । आगामी दिनमा केरा विस्तारको कार्यक्रम निरन्तर सञ्चालन गरिने छ । धेरै मेहिनत गर्न नपर्ने तर नगद आम्दानी हुने भएकाले पनि यहाँका किसान यसतर्फ आकर्षित भइरहेका छन् । आर्थिक उपार्जन पनि राम्रै छ ।"

स्थानीय मतिप्रसाद शर्माले यहाँ किसानले केराखेतीबाट वार्षिक लाखौँ रकम भित्र्याउँदै आएको बताउनुभयो । काँचो केरालाई होलसेलमा प्रतिदर्जन रु ७० मा बिक्री भइरहेको उहाँले जानकारी दिनुभयो । पाँच रोपनी जग्गामा केराखेती गर्दै आउनुभएका शर्माले केरा पकटे क्षेत्र विस्तारअन्तर्गत तीन रोपनी जग्गामा केराखेती विस्तार गरिएको बताउनुभयो । "फलाटे कृषक समूहअन्तर्गत अन्य किसानलाई केरा विस्तारमा सघाउँदै आएको छु । रु १२ लाख बजेटबाट बिरुवा खरिद, खाल्टो खन्न र बिरुवा लगाउन ५० प्रतिशत सुविधा किसानलाई दिइएको छ । एउटा खाल्टो तयार गर्न रु एक सय ५०, बिरुवा खरिद गर्न रु ३० र रोप्न रु ३० निर्धारण गरिएको छ", शर्माले भन्नुभयो ।

यस्तै, सिँचाइ पूर्वाधारका लागि फलाटे कृषि समूहले ८५ प्रतिशत अनुदानमा सिँचाइको व्यवस्था मिलाएको छ । स्थानीय जातको केराखेती विस्तार र सिँचाइ पूर्वाधारमा नगरपालिकाको रु १२ लाख लगानी भए पनि किसानको श्रमदान जोड्दा रु १८ लाख पुगेको नगरपालिकाको कृषि शाखा प्रमुख सुवास सापकोटाले जानकारी दिनुभयो । फलाटे, भडारा र साना किसान समूहमा विमानमारे एक सय ४० रोपनी क्षेत्रफलमा बाँझो जग्गा सदुपयोग गरेर केराखेती विस्तार भइरहेको उहाँले बताउनुभयो ।

"केराखेती विस्तार गर्नेमा पहिलो चरणमा ५० भन्दा बढी किसान रहेका छन् ।

भाडारा, फलाटे, बिनामारे, वडारे, टार, टुनीवोट, खौरीकेस, मिरिघार र खौलालगायत गाउँमा खेराखेती विस्तार गरिएको छ", सापकोटाले भन्नुभयो,"समुन्द्री सतहबाट छ सय मिटर मात्रै उचाइ रहेकाले जैमिनीघाट र कुश्मीसेरामा केराखेतीका लागि उपयुक्त हावापानी छ । वडा नं १ का एक हजारभन्दा बढी किसानले व्यावसायिक केराखेती गरेका छन् ।"

यहाँका किसानले 'रामरेखा लोकल', 'झापाली मालुवा' र 'जी ९' जातका केराको व्यावसायिक उत्पादन गरिरहेका छन् ।


## विमालेख हरायो

यहि मिति २०८२/०१/०२ गतेपृथ्वीचोक बाट महेन्द्रपुल जाने क्रममा साविक रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनीमा रहेको र हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं. को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

विमितको नाम: नीति वास्तोला
विमालेख नं. ४०१०००००१४३२
सम्पर्क नं. ९८४५५३३३०६, ०६१५५३६५२

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२।०२।१८ गते**

**यस कम्पनीको मिति २०८२/०१/३० मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी ब्रदर्श एजुकेशनल कन्सल्टेन्सीको नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नुपर्ने, व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०२/०५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी मिदोरी एजुकेशनल कन्सल्टेन्सी कायम गरिएको जानकारी गराइन्छ ।**

**साविकको नामः ब्रदर्श एजुकेशनल कन्सल्टेन्सी**
**संशोधित नामः मिदोरी एजुकेशनल कन्सल्टेन्सी**
(Midori Educational Consultancy Private Limited)